दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाण्डौ, बागमती प्रदेश

प.सं. ०७७/०७८
च.नं. शिक्षा - ३७

मिति : २०७७/१०/०८

विषय : राष्ट्पति शैक्षिक सुधार कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने संम्वन्धमा ।

श्री सबै सामूदायिक विद्यालयहरु
द.न.पा,फर्पिङ

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.२८३ मिति २०७७/१०/७ गतेको प्राप्त पत्रानुसार राष्ट्पति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बमोजिम माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री ज्यूको अध्यक्षतामा मिति २०७७/१०/४ गतेमा मा बसेको निर्देशक समितिको वैठकबाट चालु आ.व २०७७/०७८ का लागि राष्ट्पति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह मार्फत विद्यालयहरुबाट प्रस्तावना माग गर्ने भन्ने व्यहोराको मिति २०७७/१०/०६ गतेको गोरखा पत्रमा प्रकाशित सूचना यसै साथ संलग्न राखी पठाएको छ । उक्त गोरखा पत्रको मागको ढाँचा बमोजिम प्रस्तावना पत्र बनाई यस न.पा मा २०७७/१०/१५ गते भित्र संम्पूर्ण सामूदायिक विद्यालयहरुले आ-आफ्नो प्रस्तावना पेश गर्न हुन साथै म्याद नाघी आएको प्रस्तावना उपर कुनै पनि कार्वाही नहुने व्यहोरा समेत अनुरोध छ ।

..................
लक्ष्मण दाहाल
अधिकृत (आठौं)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर
मितिः २०७७।१०।०६

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७।१०।०४ मा बसेको निर्देशक समितिको बैठकबाट चालू आर्थिक वर्ष २०७७।०७८ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक सुविधा विस्तार लगायतका कार्यक्रममा सहभागी हुन इच्छुक सार्वजनिक विद्यालयलाई स्थानीय तह मार्फत प्रस्ताव पेस गर्न बढीमा १५ दिनको समयसीमा दिई सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय भएकाले निम्नानुसारका प्राथमिकता क्षेत्र र सर्त बन्देजभित्र रही देहाय अनुसार तोकिएको ढाँचाको प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावको लागि प्राथमिकता तोकिएका क्षेत्रहरू:**

१. भौतिक पूर्वाधार विकास र पुनर्संरचना
२. विद्यार्थीको सिकाइ उपलब्धि स्तर अभिवृद्धि
३. गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाइ सामग्री व्यवस्थापन
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि

**तोकिएका सर्त बन्देजहरू:**

१. विद्यालयले परियोजना प्रस्ताव तयार गर्दा तोकिएको ढाँचामा तयार गर्नुपर्नेछ।
२. विद्यालयले परियोजना प्रस्ताव माग गर्दा दोहोरो नपर्ने गरी आवश्यकताको आधारमा माग गर्नुपर्नेछ।
३. प्रस्ताव माग गर्दा एक वा एकभन्दा बढी परियोजनाका लागि बढीमा २५ लाख रुपैयाँसम्मको प्रस्ताव माग गर्न सकिनेछ।
४. माग गरिएको परियोजना प्रस्ताव चालू आ.व. २०७७।०७८ भित्र कार्यान्वयन गर्न सकिने खालको हुनुपर्नेछ।

**प्रस्ताव पेस गर्ने प्रक्रियाः**

१. प्रस्ताव पेस गर्न इच्छुक सामुदायिक विद्यालयले तोकिएको ढाँचामा तयार गरेको परियोजना प्रस्ताव विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई निर्णय प्रतिलिपि समेतका कागजातहरू सहित तयार गरेको फाइल मिति २०७७।१०।१५ गतेभित्र स्थानीय तहमा पेस गर्ने।
२. विद्यालयहरूबाट स्थानीय तहमा प्राप्त भएका प्रस्तावहरू सम्बन्धित स्थानीय तहले प्राथमिकीकरण गरी font Mangal र font size 10 मा देहायको ढाँचामा तयार गरेको Excel Sheet सहितको Electronic Copy र Hard Copy फाइल मिति २०७७।१०।१८ गतेभित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पेस गर्ने।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | संलग्न कागजातहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

३. स्थानीय तहहरूबाट प्राप्त भएका प्रस्तावहरूलाई आवश्यकता, दुर्गम क्षेत्र र विगतमा प्रवाह भएका कार्यक्रमको अवस्था समेतलाई ध्यानमा राखी स्थानीय तहले प्राथमिकीकरण गरेको विद्यालयको क्रम नबिग्रने र एउटा तहको विद्यालयहरू एकै ठाउँमा रहने गरी शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहगत रूपमा प्राथमिकीकरण गरी font Mangal र font size 10 हुनेगरी देहायको ढाँचामा Excel Sheet तयार गरी editable Excel sheet र प्रमाणित pdf copy दुवै डकुमेन्ट मिति २०७७।१०।२० गतेभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाइ सक्नुपर्नेछ।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | अनुमानित लागत | संलग्न कागजातहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित Excel Sheet र प्राप्त प्रस्तावहरूलाई विद्यालयगत रूपमा छुट्टाछुट्टै फाइलमा राखी स्थानीय तहगत रूपमा अलग अलग छुट्टिने गरी जिल्ला भरीको सबै सक्कल प्रस्तावहरू मिति २०७७ माघ मसान्तभित्र यस केन्द्रमा आइपुग्ने गरी पठाई सक्नुपर्नेछ।

**प्रस्तावसाथ पेस गर्नुपर्ने कागजातहरू:**

१. तोकिएको ढाँचामा विद्यालयले तयार गरेको परियोजना प्रस्ताव
२. विद्यालय व्यवस्थापन समितिको निर्णय प्रमाणित प्रतिलिपि
३. विद्यालयको प्राथमिकता क्रम र कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चितता सहितको स्थानीय तहको सिफारिस पत्र
४. स्थानीय तहको प्राथमिकीकरण सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र
५. भौतिक निर्माण कार्यको हकमा Cost estimate, drawing design र जग्गाधनी पुर्जाको प्रतिलिपि

**पुनश्चः**

१. परियोजना प्रस्तावका लागि तोकिएको ढाँचा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
२. म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिनेछैन।
३. शिक्षा विकास तथा समन्वय इकाइबाट माथि उल्लेख भए बमोजिम Verification गरी पठाइएका प्रस्ताव मात्र ग्राह्य हुनेछन्।